ネパール語

# विदेशमा जन्मेका व्यक्तिको लागि

# छातीको एक्स-रे परीक्षण

परीक्षण शुल्क

**0 येन**

**निःशुल्क**

क्षयरोगलाई चाँडै पत्ता लगाउनको लागि, छातीको एक्स-रे परीक्षण गराऔं।

## परीक्षणको चरण

**1** वडा कार्यालयमा बुकिङ्ग गर्ने



**2** परीक्षण स्थलमा जाने



**3** एक्स-रे परीक्षण गराउने



**4** हुलाकबाट रिपोर्ट आउने



**◎ परीक्षण गराउन सक्ने व्यक्ति**

क्षयरोगका बिरामी धेरै भएको देशमा जन्मेका, १६ वर्ष भन्दा माथिका व्यक्तिहरू

**✕ क्षयरोग परीक्षण गराउन नसक्ने व्यक्तिहरू**

- खोकी र खकार निस्कने व्यक्ति। ज्वरो आएको व्यक्ति। छातीमा दुखाइ भएको व्यक्ति।
- कम्पनी र स्कूलको स्वास्थ्य परीक्षणको बेलामा छातीको एक्स-रे परीक्षण गराएको व्यक्ति।
- ३ महिना भित्र, छातीको एक्स-रे परीक्षण गराएको व्यक्ति।

क्षयरोगको बारेमा धेरै सोधिने प्रश्न पछाडिको पृष्ठमा

सोधपुछ

南区役所 健康づくり係（４階４１番）

電話(Telephone) 045−341−1185

メール(Mail) mn-kenkou@city.yokohama.lg.jp

# क्षयरोगको बारेमा धेरै सोधिने प्रश्नहरू

## क्षयरोग, कस्तो रोग हो?

▶ **क्षयरोगका कीटाणुको कारणबाट फोक्सो आदि स्थानमा संक्रमण हुने रोग हो।**

**क्षयरोगको लक्षण**

२ हप्ता भन्दा बढी समय सम्म लक्षण देखा परेमा, अस्पतालमा गएर जँचाउने गरौं।




## क्षयरोग, अरूलाई सर्छ?

▶ **खोक्दा वा हाछ्यूउँ गर्दा सर्छ।**



खोक्दा वा हाछ्यूउँ गर्दा निस्कने "छिटा" सँगै क्षयरोगका कीटाणु हावामा फैलिन्छ। हावामा फैलिएका कीटाणुहरू, नजिकमा रहेको व्यक्तिले श्वाससँगै कीटाणु लिए पछि सर्छ।

## क्षयरोग, निको हुन्छ?

▶ **औषधीबाट निको हुन्छ।**



एक भन्दा बढी किसिमका औषधिहरू ६ महिना देखि ९ महिना भन्दा बढि समय सम्म प्रत्येक दिन खानु पर्छ। लक्षण निको भएता पनि, निर्धारित मिति सम्म औषधि खानु पर्छ। बीचैमा औषधि खान छोड्यो भने निको हुँदैन।

(२०२४ साल २ महिनामा प्रकाशन)

योकोहामा नगरपालिका स्वास्थ्य विभाग